18 April 2025

**आकाशवाणी**

**मुख्य समाचार**

- **भारत आफ्नो अन्तरिक्ष यात्रामा निर्णायक अध्याय लेख्न तयार**
- **पश्चिम बंगालको घटनाक्रममा बंगलादेशको टिप्पणीलाई भारतले गर्‍यो अस्वीकार**
- **उपग्रहमा आधारित टोल सङ्कलन प्रणाली सुरु गर्ने विषयमा कुनै निर्णय नभएको सरकारको स्पष्टिकरण**
- **श्रीमद्भगवद्गीता र नाट्यशास्त्र युनेस्कोको मेमोरी अफ द वर्ल्ड रजिस्टरमा समावेश**
- **देशभरि ईसाई समुदायद्वारा भक्तिभावसहित गुड फ्राइडे पालन, अनि**
- **आईपीएल क्रिकेटमा अहिले बैंगलोर र पञ्जाबको भिडन्त हुँदै**

**अब समाचार विस्तारमा**

**भारत - अन्तरिक्ष मिसन**

भारतले आफ्नो अन्तरिक्ष यात्रामा फेरि एक पल्ट इतिहास रच्ने भएको छ। एक भारतीय अन्तरिक्ष यात्री अर्को महिना अन्तर्राष्ट्रिय अन्तरिक्ष अभियानको एक भागको रूपमा अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन **ISS** का लागि उडान भर्नेछन्। भारतीय वायु सेनाका ग्रुप क्याप्टेन शुभांशु शुक्ला एक्सिओम अन्तरिक्ष मिसन **AXY**-4 को अंश हुनेछन्।

यसको घोषणा गर्दै अन्तरिक्ष तथा परमाणु ऊर्जा राज्यमन्त्री डा. जितेन्द्र सिंहले यस अभियान मार्फत भारतले आफ्नो अन्तरिक्ष यात्रामा नयाँ अध्याय लेख्ने बताउनु भएको छ। भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) को आगामी महिनाहरूमा प्रमुख भविष्यका योजनाहरूको समीक्षा गर्न नयाँ दिल्लीमा आयोजित उच्चस्तरीय बैठकपछि बोल्दै डा. सिंहले भन्नुभयो देश अन्तरिक्षमा अर्को कोसेढुङ्गा स्थापित गर्न तयार छ। डा. सिंहले आगामी मानव अन्तरिक्ष उडान र इसरोको विभिन्न महत्त्वपूर्ण अभियानहरूको पनि उल्लेख गर्नुभयो। उहाँले  गगनयान जस्ता अन्तर्राष्ट्रिय र रणनीतिक परियोजनाहरूसँगको सहकार्यले अन्तरिक्ष प्रविधिमा विश्वव्यापी नेता बन्ने भारतको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ भन्नुभयो।

**बंगलादेश- विदेश मन्त्रालय**

भारतले पश्चिम बंगालको घटनाक्रममा बंगलादेशका अधिकारीहरूको टिप्पणीलाई अस्वीकार गरेको छ। विदेश मन्त्रालयका प्रवक्ता श्री रणधीर जयसवालले भन्नुभएको छ, यस्ता टिप्पणीहरू बंगलादेशमा अल्पसंख्यकहरूको उत्पीडनप्रति भारतको चिन्ता प्रति   एउटा छद्म र कपटी प्रयास हो। उहाँले भन्नुभयो, बंगलादेशमा अल्पसंख्यकहरूलाई सताउने अपराधीहरू अझै पनि खुलेआम घुमिरहेका छन्।

**पश्चिम बंगाल हिंसा**

कलकत्ता उच्च न्यायालयले वक्फ संशोधन अधिनियमको विरोधमा मुर्शिदाबादमा भएको हिंसाको राष्ट्रिय अनुसन्धान एजेन्सीद्वारा अनुसन्धान गर्न माग गरिएको याचिका खारेज गरेको छ। विधानसभाका विपक्षी नेता श्री शुभेन्दु अधिकारी र अन्यले छानबिनको अनुरोध गरेका थिए।

न्यायाधीश सौमेन सेन र न्यायाधीश राजा बसु चौधरीको खण्डपीठले मुर्शिदाबाद जिल्लाको तनाव प्रभावित क्षेत्रहरूमा केन्द्रीय बल तैनाथ रहने आदेश पनि दिएको छ। यसैबीच, प्रशासन, केन्द्रीय बल र पुलिसको निगरानीमा हिंसा प्रभावित क्षेत्रहरूमा सामान्य अवस्था फर्किँदैछ।

**केन्द्र-उपग्रह आधारित टोलिंग**

सरकारले आज स्पष्ट गर्दै भनेको छ, आउँदो १ मईदेखि उपग्रहमा आधारित टोल सङ्कलन प्रणाली सुरु गर्ने विषयमा कुनै निर्णय भएको छैन। यससँग सम्बन्धित मिडिया रिपोर्टहरूलाई अस्वीकार गर्दै सडक परिवहन तथा राजमार्ग मन्त्रालयले यस सम्बन्धमा मन्त्रालय वा भारतीय राष्ट्रिय राजमार्ग प्राधिकरणले कुनै निर्णय नगरेको बताएको छ।

**गीता-नाट्यशास्त्र युनेस्को**

श्रीमद्भगवद्गीता र भरत मुनिको नाट्यशास्त्रलाई युनेस्कोको मेमोरी अफ द वर्ल्ड रजिस्टरमा समावेश गरिएको छ।
यस ऐतिहासिक उपलब्धिसँगै, अब युनेस्कोको मेमोरी अफ द वर्ल्ड रजिस्टरमा कुल १४ भारतीय ग्रन्थहरू समावेश भएका छन्।

यो पहलले शताब्दीयौंदेखि समाजलाई प्रभाव पारेका महत्त्वपूर्ण ऐतिहासिक ग्रन्थ, पाण्डुलिपि र दस्तावेजहरूलाई मान्यता दिन्छ। भगवान श्रीकृष्ण र अर्जुन बीचको पवित्र संवाद श्रीमद्भागवत गीता, यसको आध्यात्मिक र दार्शनिक महत्त्वको लागि परिचित छ। अर्कोतर्फ, प्राचीन ऋषि भरत मुनिद्वारा लिखित नाट्य शास्त्र, रंगमञ्च, कला र नृत्य जस्ता प्रदर्शन कलाहरूको आधारभूत ग्रन्थ हो। दार्शनिक र कलात्मक सम्पदाको समावेश देशको लागि एक महत्त्वपूर्ण कोसेढुङ्गा हो।
प्रधानमन्त्री श्री नरेन्द्र मोदीले यसको प्रशंसा गर्दै भन्नुभएको छ, यसले भारतको कालातीत ज्ञान र समृद्ध संस्कृतिलाई विश्वव्यापी मान्यता दिएको छ।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**वैष्णव इलेक्ट्रोनिक्स**

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री श्री अश्विनी वैष्णवले विगत १० वर्षमा इलेक्ट्रोनिक उत्पादन पाँच गुणाले बढेको बताउनु भएको छ। आज गुडगाउँको मानेसरमा पत्रकारहरूसँग कुराकानी गर्दै श्री वैष्णवले मेक इन इन्डिया पहलले इलेक्ट्रोनिक्स उत्पादन क्षेत्रमा ठूलो वृद्धि भएको बताउनु भयो। उहाँले भन्नुभयो, विगत दश वर्षमा इलेक्ट्रोनिक्स निर्यात पनि 6 गुणा बढेर ३ लाख २५ हजार करोड रुपियाँ नाघेको छ। श्री वैष्णवले भन्नुभयो, आज इलेक्ट्रोनिक्स उत्पादन क्षेत्रमा लगभग २५ लाख मानिसहरूले रोजगारी पाएका छन्। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले हालै इलेक्ट्रोनिक कम्पोनेन्ट निर्माण योजनालाई अनुमोदन गर्नुभएको छ, जसले इलेक्ट्रोनिक्स उत्पादन इकोसिस्टमलाई अझ बलियो बनाउनेछ र रोजगारी बढाउनेछ।

**छत्तीसगढ-माओवादीहरू**

छत्तीसगढको सुकमा जिल्लामा आज नौ महिलासहित २२ माओवादीले आत्मसमर्पण गरेका छन्। माओवादीहरूले वरिष्ठ पुलिस अनि सीआरपीएफ अधिकारीहरूसमक्ष आत्मसमर्पण गरेका हुन्।

**जेईई मुख्य परिणाम**

संयुक्त प्रवेश परीक्षा - जेईई मेन २०२५ को परिणाम भोलि घोषणा गरिनेछ। राष्ट्रिय परीक्षा एजेन्सीले यस आशयको जानकारी दिएको हो।

**गुड फ्राइडे**

आज गुड फ्राइडे हो। प्रभु ईशा मसिहलाई क्रूसमा टाँगिएको सम्झनामा गुड फ्राइडे पालन गरिन्छ। यस दिन प्रभु येशूले मानवतालाई पापबाट मुक्त गर्न आफ्नो जीवन बलिदान दिनुभएको थियो।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले गुड फ्राइडेको दिनमा प्रभु ईशा मसिहको बलिदानलाई सम्झनुभएको छ। श्री मोदीले भन्नुभएको छ, यो दिनले हामीलाई प्रेम, करुणा, दया र उदारताको लागि प्रेरित गर्दछ।

गुडफ्राइडेको अवसरमा आज देशभरि नै विभिन्न कार्यक्रमहरू आयोजना गरिए।

यस अवसरमा ईसाई समुदायका श्रद्धालुहरूले विभिन्न चर्चहरूमा विशेष प्रार्थना गरे। शोभा यात्रा, पद यात्रा निकालेर प्रभु ईशा मसिहको सन्देश जनजनमा पुऱ्याउने काम गरे।

**प्रकाश पर्व**

आज शिख धर्मका नवौं गुरु गुरु तेग बहादुर साहिबज्यूको जन्मजयन्ती हो । उहाँको जन्म १६२१ मा अमृतसरमा भएको थियो। उहाँ छैटौं गुरु श्री गुरु हरगोविन्द साहिबज्यूका कान्छा छोरा हुनुहुन्थ्यो। एक निडर योद्धा हुनुको साथै, उहाँ एक आध्यात्मिक विद्वान् अनि कवि पनि हुनुहुन्थ्यो। उहाँको प्रकाश पर्वमा पञ्जाबलगायत देशका विभिन्न गुरुद्वाराहरूमा शब्द कीर्तनको आयोजना गरियो। गुरुद्वाराहरूमा पूजा अर्चना गर्न र पवित्र गुरुबानी सुन्न ठूलो संख्यामा भक्तजनहरू भेला भएका थिए।

प्रकाश पर्वको अवसरमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज नवौं सिख गुरु गुरु तेग बहादुरज्यूलाई श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। श्री मोदीले गुरु तेग बहादुरको जीवन साहस र करुणामय सेवाको प्रतीक भएको बताउनु भएको छ।

**बक्सिङ**

भारतले जोर्डनको अम्मानमा आयोजना हुने एसियन अण्डर-15 र अण्डर-17 बक्सिङ च्याम्पियनसिपका लागि ५६ सदस्यीय टीम तय गरेको छ। यो एसियन बक्सिङद्वारा आयोजित पहिलो कार्यक्रम हो, जसलाई ओलम्पिक काउन्सिल अफ एसिया र नवगठित विश्व बक्सिङ दुवैले अनुमोदन गरेका छन्।

**शटपुट**

भारतका सोह्र वर्षीय निश्चयले साउदी अरेबियाको दम्मामा भइरहेको एसियन अन्डर-18 एथलेटिक्स च्याम्पियनसिपको तेस्रो दिन पुरुष शटपुट प्रतियोगितामा रजत पदक जित्दै प्रतियोगिताको आफ्नो दोस्रो पदक जितेका छन्।

**आईपीएल**

आईपीएल क्रिकेटमा अहिले बेंगलुरुको चिन्नास्वामी स्टेडियममा रोयल च्यालेन्जर्स बैंगलोर र पञ्जाब किंग्सको भिडन्त शुरु भएको छ। दुवै टीमले हाल 6 खेलबाट आठ अंक अर्जित गरेका छन्। तर असल रनरेटको आधारमा, बैंगलोर अंक तालिकामा पञ्जाबभन्दा अगाडि तेस्रो स्थानमा छ।

प्रतियोगिताको गएराति भएको म्याचमा मुम्बई इन्डियन्सले सनराइजर्स हैदराबादलाई चार विकेटले पराजित गरेको थियो।

**मुख्य समाचार फेरि एकपल्ट**

- **भारत आफ्नो अन्तरिक्ष यात्रामा निर्णायक अध्याय लेख्न तयार**
- **पश्चिम बंगालको घटनाक्रममा बंगलादेशको टिप्पणीलाई भारतले गऱ्यो अस्वीकार**
- **उपग्रहमा आधारित टोल सङ्कलन प्रणाली सुरु गर्ने विषयमा कुनै निर्णय नभएको सरकारको स्पष्टिकरण**
- **श्रीमद्भगवद्गीता र नाट्यशास्त्र युनेस्कोको मेमोरी अफ द वर्ल्ड रजिस्टरमा समावेश**
- **देशभरि ईसाई समुदायद्वारा भक्तिभावसहित गुड फ्राइडे पालन, अनि**
- **आईपीएल क्रिकेटमा अहिले बैंगलोर र पञ्जाबको भिडन्त हुँदै**